# मयागी प्रान्त प्रहरी बाट सूचूना



## ★ अपराध तथा झमेला बाट बच्नको लागि ★

### ★ जापानी जीवनयापनमा ध्यान दिनुपर्ने कुरा

**○ ठुलो आवजको समस्या**

घर तथा अपार्टमेन्ट (कोठा)मा धैरै जम्मा भएर ठूलो आवाज हल्ला गर्दा , TV तथा गीतको ठूलो आवाजले गर्दा , छिमेकीलाई समस्या दिने हुने हूनाले , नगरौं ।



**○ फोहोर फाल्ने तरिका  तथा आचरण**

जल्ने फोहोर र बोतल.क्यानको फोहोरहारू विभाजन गरौं , निर्धारित दिन ・ निर्धारित स्थानमा फ्याँकौं।

फोहोर फ्याँक्ने स्थानमा रहेका 、 पुन: प्रयोग गर्न सकिने फोहोर पनि हुनेहूनाले 、 फोहोर फ्याँक्ने स्थानमा रहेका फोहोरहरू स्वेच्छाले लिनु हुँदैन।



**○ धोखा वा घोटाला फोन हरूबाट सावधान रहनुहोस्!!**

आजभोली,जापानमा बसोबास गर्ने विदेशी व्यक्तिहरूलाई , आफ्नो मातृभूमिको दूतावास वा सुरक्षा निकायको नाममा ,
「तपाईंलाई पक्राउ गर्ने आदेश आएको छ」 「पैसा नतिरेमा पक्राउ पर्नेछ」 जस्ता ठगीका
फोन कलहरू वा सामाजिक सञ्जालमा सन्देशहरू पठाइने कार्य घटित हुँदै रहेको छ।

यस प्रकारको फोन आएको खण्डमा, एक पटक काटेर परिवार वा निजकका व्यिक्तसँग परामर्श गरौं।
नचिनेको नम्बर वा नोटफाइड नभएको फोन नउठाउनु प्रभावकारी हुन्छ।

फेरि ,शंकास्पद सन्देशमा जवाफ नदिने प्रयास गरौं।

**○ प्रहरीलाई आपतकालीन सम्पर्क**

यदि कुनै घटना वा ठगीमा संलग्न पर्नुभयो भने, 110 मा फोन गर्नुहोस्।

पुलिस मुख्यालयमा फोन जडान हुनेछ,विस्तारै, शान्त भएर, 「कहाँ, कहिले, को, के, कसरी」 क्रमबद्ध रूपमा कुरा गर्नुहोस्।



## ★ जापानमा अपराधमा पर्न सक्ने कार्य

~इन्टरनेट , चिनजान भएका व्यक्तिबाट परिचय गराइने अपराधिक कामको अफरबाट होशियार~

### ○ **तपाईको बैंक खाता र ATM कार्डहरू , अरु व्यक्तिलाई दिदा ।**

तपाईको बैंकको ATM कार्ड , बैंक खाता , मोवाईल फोन अरुव्यक्तिलाई दियोभने , अपराधिक काममा प्रयोग गर्छन ।

पैसाको लोभ देखाए पनि , अवश्य पनि अरूलाई दिनु हुँदैन।

देश फर्कंदा , बैंक लगायतका खाता बन्द गर्ने प्रकिया गरौं।

फेरि , अरुव्यक्तिलाई बिक्री वा अरूलाई दिनको लागि , बैंक खाता खोल्न , स्मार्टफोनको सम्झौता गर्नु पनि अपराध हो।
यो बिल्कुलै नगर्नुहोस् ।



### ○ **अवैध काम**

आजभोली , SNS जस्ता प्लेटफमहरूमा , अवैध् काममा संलग्न हुनका लागि मानिसहरूलाई भर्ना गररहेको अपराध समूहहरू छन ।

「उच्चस्तरीय काम」，「सामान प्राप्त मात्र गर्ने」 जस्ता आमन्त्रण शब्दहरूमा ध्यान दिनूहोस ।

उदाहरणका लागि , साथीहरू वा सीनयरहरूले बोलाए पनि ,
निश्चित रूपमा सहभागी नहूनूहोस ।तपाई अपराधमा समावेश संलग्न पर्न सक्नुहुन्छ !!

### ○ **अवैधानिक जुवाहरु खेल्दा**

जुवाहरु अनेक थरीका हुन्छ ,गैरकानुनी जुवा पनि हुन्छ ।
रुपैयाँ पैसाको काण्डमा फसेर शरीरमा चोटपटक लाग्ने सम्म हुनसक्छ , त्यसैले त्यस्तो कार्यमा हात हल्नु हुँदैन।

### ○ **मातृभूमिमा पैसा पठाउने क्रममा**

आफ्नो देशको परिवार सँग र अन्य व्यिक्तहरूसँग पैसा लेननद गर्दा , निश्चित रूपमा बैंकको प्रयोग गरौं।
चिनजानको व्यिक्तलाई पैसा पठाउनको लागि अनुरोध गर्ने काम बन्द गरौं ।




